# नेपालमा प्रजातन्त्रका लागि भएका आन्दोलन र प्रजातन्त्रको अभ्यास

✍ डा. मोहन शम्सेर थापा
(सहायक प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस, मोरङ)

***लेखसार***

*जनताले आफ्नो शासक आफैँले चुन्न पाउने शासन व्यवस्थालाई प्रजातन्त्र भनिन्छ । प्रजातन्त्र जनताको शासन हो । प्रजातन्त्रको प्रारम्भिक अभ्यास प्राचीन ग्रिसको एथेन्स नगरबाट सुरु भएको हो भन्ने कुराको वर्णन प्लेटो र अरस्तुको प्रसिद्ध पुस्तकहरू **द रिपब्लिक** र **द पोलिटिक्स**मा गरिएको छ । प्रजातन्त्रका प्रमुख विशेषताहरू भनेको विधिको शासन, राज्यका तीन अङ्गहरूबीच शक्ति पृथकीकरण र शक्ति सन्तुलन हुन् । आधुनिक समयमा प्रजातन्त्रको महत्त्व दिनप्रतिदिन बढ्दै गइरहेको पाइन्छ । प्रजातन्त्रमा महत्वपूर्ण भूमिका त्यस देशका नागरिक, राजनीतिक दल, निर्वाचन प्रणाली, नागरिक समाज, जनउत्तरदायी सरकार, सञ्चार जगत् आदिको रहेको हुन्छ । यस लेखको मुख्य उद्देश्य नेपालमा प्रजातन्त्रका लागि भएका आन्दोलन र प्रजातान्त्रिक अभ्यासका बारेमा संक्षिप्त जानकारी गराउनु रहेको छ भने लेखमा गुणात्मक विधिको प्रयोग गरिएको छ । संसारमा भएका प्रजातान्त्रिक आन्दोलनको परिप्रेक्ष्यमा नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास त्यति लामो छैन । वास्तवमा नेपालको प्रजातान्त्रिक आन्दोलनको सुरुवात राणा परिवारको मनपरितन्त्रको विरुद्धमा र जनता पक्षले चाहेको जस्तो शासन व्यवस्था प्राप्तिका लागि भएको आन्दोलनबाट भएको पाइन्छ । लोकसम्मति र जनचाहना अनुसार सञ्चालन हुनुपर्ने शासन व्यवस्था एकतन्त्रीय तथा पारिवारिक स्वार्थबाट प्रेरित हुन थाल्यो फलस्वरूप जनताले आफ्नो हक स्थापनार्थ कालक्रम अनुसार हतियारसहित तथा हतियाररहित आन्दोलनको थालनी गर्नु पर्‍यो । जसको फलस्वरूप २००७ साल फागुन ७ गतेका दिन १०४ वर्षको जहानियाँ राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको स्थापना भएको हो तसर्थ हरेक वर्षको फागुन ७ गतेलाई राष्ट्रिय प्रजातन्त्र दिवसको रूपमा मनाउँदै आइरहेका छौँ । प्रजातन्त्र प्राप्तिका लागि नेपाली जनताहरूले विभिन्न समयमा जनआन्दोलन गर्दै आएको र उनीहरूको बलिदानद्वारा नेपालमा प्रजातन्त्र स्थापित हुन सफल भएको इतिहास जीवितै छ । प्रजातन्त्र स्थापनादेखि लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा पनि शासन व्यवस्थाको गुणस्तर क्रमशः खस्किदै जानु, नेपाली जनताहरूको जीवनस्तरमा सुधारको सट्टामा गिरावट आउनु, अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि तथा विश्वसनीयतामा कमी आउनु, देशको शासन सञ्चालन गर्नेहरू विदेशीहरूको इसारा र स्वार्थअनुसार चल्नु, दक्ष र युवा जनशक्तिलाई बैदेशिक रोजगारीमा जान बाध्य बनाउने अवस्थालाई बढ्दो क्रममा निरन्तरता दिनु जस्ता अनैतिक तथा गैर जिम्मेवारपूर्ण कार्यहरू देशका प्रमुख शासक वर्ग तथा*

*राजनीतिक दलका शिर्षस्थ नेताहरूद्वारा गरिनुले प्रजातन्त्र/लोकतन्त्र वा गणतन्त्र जे भनेता पनि यी शब्दहरू खाली शाब्दिक झेल र हामी नेपाली जनताहरूले बुझ्न नसकेको खेल हुन सक्ने कुरा यस लेखमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जिका : प्रजातन्त्र, संविधान सभा, राजतन्त्र, जनशक्ति, शक्ति सन्तुलन, हिमायती ।**

## विषयप्रवेश

जनताले आफ्नो शासक आफैले चुन्न पाउने शासन व्यवस्थालाई नै प्रजातन्त्र भनिन्छ । प्रजातन्त्रलाई जनताको शासन पनि भनिन्छ । प्रजातन्त्रको प्रारम्भिक अभ्यास प्राचीन ग्रिसको एथेन्स नगरबाट सुरू भएको कुरा प्लेटोको प्रसिद्ध पुस्तक **द रिपब्लिक** र अरस्तुको प्रसिद्ध पुस्तक **द पोलिटिक्समा** वर्णन गरेको पाइन्छ (रेग्मी, २०५३) । विधिको शासन, राज्यका तीन अङ्गहरूबीच शक्तिको पृथकीकरण र शक्तिको सन्तुलन प्रजातन्त्रका प्रमुख विशेषताहरू हुन् । प्रजातन्त्र वा लोकतन्त्र जे भने पनि यी दुबैलाई अङ्ग्रेजीमा डेमोक्रेसी नै भनिन्छ भने यी दुवैको अर्थ र उद्देश्य पनि एउटै नै हो । प्रजातन्त्र आधुनिक युगको माग हो भने यसका लागि नेपाललगायत विश्वका कैयौं देशहरूमा आन्दोलनहरू भएका उदाहरणहरू प्रशस्त भेटिन्छन् । अहिले हरेक राज्य आफूलाई प्रजातान्त्रिक राज्य तथा आफ्ना गतिविधिहरूलाई प्रजातान्त्रिक गतिविधि भनेर घोषित गर्न/प्रमाणित गर्न चाहन्छन् । प्रजातन्त्रको बारेमा अब्राहम लिङ्कनले दिएको विश्व प्रसिद्ध परिभाषा : "जनताको, जनताद्वारा, जनताकै निमित्त गरिने शासन प्रजातन्त्र हो" (पोखरेल, २०६३, पृष्ठ-२०१) ।

"Democracy is gorvernment of the people, by the people, and for the people"

- Abraham Lincoln

जनता स्वयम् मैदानमा उत्रेर शासन गर्ने व्यवस्थालाई प्रत्यक्ष प्रजातन्त्र भनिन्छ । पहिले नगर राज्य हुँदा मात्र प्रत्यक्ष प्रजातन्त्र सम्भव थियो । आवश्यक परेको खण्डमा सबै नागरिकहरू तुरून्त एकै ठाउँमा भेला भएर निर्णय गर्दथे । स्विजरल्यान्डका केही प्रान्तहरू र अमेरिकाका केही ठाउँहरूमा प्रत्यक्ष प्रजातन्त्रको अभ्यास भएको पाइन्छ भने आधुनिक युगमा प्रत्यक्ष प्रजातन्त्रको सम्भावना छैन । जनताका प्रतिनिधिहरूद्वारा गरिने शासन व्यवस्थालाई अप्रत्यक्ष प्रजातन्त्र भनिन्छ । दुवै प्रजातन्त्रका आ-आफ्नै स्वरूपहरू छन् भने अहिलेको समयमा विश्वका अधिकांश प्रजातान्त्रिक देशहरूमा जनताका प्रतिनिधिहरूद्वारा गरिने शासन व्यवस्था (अप्रत्यक्ष प्रजातन्त्र) प्रचलनमा रहेको पाइन्छ । प्रजातन्त्र खाली शासन प्रणाली मात्र नभएर समाज र आर्थिक व्यवस्थाको एक विशेष रूप पनि हो । प्रजातन्त्रमा बहुमतको सम्मान साथै अल्पसङ्ख्यकको मौलिक हकको संरक्षण समेत गरिएको हुन्छ । स्वतन्त्रता, समानता, भातृत्व र शक्ति सम्पन्न जनता प्रजातन्त्रको प्रमुख आधारहरू हुन् (Hachethu, 2025; Dahal 2017) । प्रजातन्त्रलाई विकासको मेरूदण्डको रूपमा पनि लिन सकिन्छ तर जहाँ यसको सैदान्तिक पक्षलाई व्यावहारिकतामा प्रयोग गरेको पाइन्छ । प्रजातन्त्रमा

सम्प्रभुता/सर्वोच्चसत्ता तथा अन्तिम अधिकार जनतामा निहित हुन्छ। प्रजातन्त्र विश्वमा लोकप्रिय तथा सर्वोत्कृष्ट व्यवस्थाको रूपमा स्थापित भएको पाइन्छ। प्रजातान्त्रिक साशन व्यवस्थापनमा राज्यको कार्यमा बहुसंख्यक जनताहरूले सहभागिता जनाएको पाइन्छ। आधुनिक समयमा प्रजातन्त्रको महत्व दिनप्रतिदिन बढ्दै गइरहेको पाइन्छ। प्रजातन्त्रमा महत्वपूर्ण भूमिका त्यस देशका नागरिक, राजनीतिक दल, निर्वाचन प्रणाली, नागरिक समाज, जनउत्तरदायी सरकार, सञ्चार जगत् आदिको रहेको हुन्छ (Andion, 2025)।

ढकाल (२०६८) का अनुसार प्रजातन्त्रको सफलताको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, स्वतन्त्रता, समानता, भातृत्व, जनतामा चेतना, मताधिकारको सदुपयोग, राजनीतिक दलहरूको सहभागिता, अल्पसङ्ख्यकको सम्मान, सञ्चार क्षेत्रको उपस्थिति आदि आवश्यक सर्तहरू हुन्। आजको विश्वमा प्रायः सम्पूर्ण देशहरूले विश्वको सर्वोत्कृष्ट शासन व्यवस्था : प्रजातान्त्रिक शासन व्यवस्थालाई अङ्गीकार गरेको पाइन्छ। यो व्यवस्थामा जनताद्वारा निर्वाचित/चुनिएका जनप्रतिनिधीहरूद्वारा राज्य सञ्चालन गरिन्छ। कानुनको शासन, व्यक्तिगत स्वतन्त्रता, समानता, जनताका प्रतिनिधिद्वारा सञ्चालित शासन, आलोचनाको स्वतन्त्रता, जनताको भावनाको उच्च कदर, बहुमतको शासन, जनउत्तरदायी सरकार, राज्यका तीन अङ्गहरूबीच शक्ति सन्तुलन तथा शक्तिको पृथकीकरण आदि प्रजातन्त्र/लोकतन्त्रका प्रमुख विशेषताहरू हुन्। प्रजातन्त्र/लोकतन्त्र मात्र संसारमा यस्तो व्यवस्था हो जहाँ हजारौँ विचार र सिर्जनाले फुल्ने र फल्ने मौका पाउँदछन्।

नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास हेर्दा चन्द्र शमशेर राणाको शासनकालमा भएको राणा विरोधी आन्दोलनलाई प्रजातान्त्रिक आन्दोलनको सुरूवातको अवस्था मान्न सकिन्छ (मानन्धर, २०४८)। यसरी चन्द्र शमशेरको शासनकालदेखि सुरू भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न आरोह-अवरोह पार गर्दै लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको विन्दुमा आइपुगेको हो। लोकतान्त्रिक सङ्घीय गणतन्त्र स्थापना भएको पनि १६ वर्ष नाघिसक्यो तर पनि नेपाल र नेपालीको उन्नति, प्रगति तथा राष्ट्रिय विकासका मुद्दामा राज्यका प्रमुख अङ्गहरूबिच समन्वय, सहकार्य र सामूहिक प्रयासको अभावका कारण नेपाली जनताहरूले वास्तवमा नै प्रजातन्त्रको आभास महसुस गर्न नपाएको व्यापक जनगुनासो पाइन्छ। शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तलाई व्यवहारमा उतार्न नसक्नु पनि शासक वर्गको अर्को ठुलो कमजोरी रहेको देखिन्छ।

व्यवस्थापिका र कार्यपालिकाको भूमिका तथा जिम्मेवारीमा एउटै व्यक्ति रहनु, न्यायपालिकामा राजनीतिक भागवण्डाका आधारमा नियुक्ति गरिनु, सञ्चार क्षेत्र राजनीतिक दलको छत्रछायाभित्रै रमाउनु तथा स्थानीय सरकारमा त एउटै व्यक्ति व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको सदस्य साथै जिम्मेवारीमा बस्ने कानुनी प्रावधान हुनु नै प्रजातान्त्रिक व्यवस्थाको लागि अर्को दुर्बल पक्ष बन्न पुगेको छ (दाहाल, २०७६)। जबसम्म राज्यका यी प्रमुख अङ्गहरूले आफ्नो कर्तव्य र

दायित्वको बोध गरेर इमानदारिताका साथ कार्य सम्पादन गर्दैनन् तबसम्म प्रजातन्त्र केवल सुन्नमा मिठो र कागजी शब्दको रूपमा मात्र कैद रहने छ भन्दा कुनै अत्युक्ति नहोला ।

**उद्देश्य**

यस आलेखको मुख्य उदेश्यहरू यस प्रकार रहेका छन् :

(क) नेपालमा प्रजातन्त्रका लागि भएका आन्दोलनहरूको बारेमा सङ्क्षिप्तमा जानकारी गराउनु ।

(ख) नेपालमा प्रजातन्त्रको अभ्यास कसरी भइरहेको छ भनी सङ्क्षिप्तमा जानकारी गराउनु ।

**विधि**

यस लेखमा गुणात्मक विधिको प्रयोग गरिएको छ । यस लेखमा मुख्यतया द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ । पुस्तक, अप्रकाशित कृति र जर्नल आदिलाई लेखको सन्दर्भ सामाग्रीको रूपमा प्रयोग गरिएको छ ।

**नेपालमा प्रजातन्त्रका लागि भएका आन्दोलनहरू**

नेपालमा प्रजातन्त्र प्राप्तिका लागि सदियौ देखि विभिन्न कालखण्डमा साना-ठूला विद्रोह, आन्दोलन तथा जनआन्दोलनहरू हुदै आइरहेको पाइन्छ तथापि प्रजातन्त्र प्राप्ति र प्रजातन्त्रको पुर्नस्थापनाको लागि भएका प्रमुख तथा महत्वपूर्ण आन्दोलनहरूलाई तल संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

(क) २००७ सालको आन्दोलन

(ख) २०४६ सालको जनआन्दोलन

(ग) २०६२/६३ सालको जनआन्दोलन

**(क) २००७ सालको आन्दोलन**

प्रधान (२०४७) का अनुसार वि.सं १९९३ मा गठित नेपाल प्रजापरिषद्को राणा विरोधी आन्दोलन अगाडि बढिरहेको अवस्थामा वि.सं १९९७ माघ ६ गते गाथगादी ताकेको अभियोगमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त र गंगालाललाई अंश सर्वस्व र ज्यान सजाय तथा टङ्कप्रसाद, रामहरि शर्मा, चुडाप्रसाद, गणेशमान सिंह, हरिकृष्ण श्रेष्ठ, गोविन्दप्रसाद उपाध्याय र बलबहादुर पाण्डेलाई अंश सर्वस्व र आजन्म कैदको सजाय, अन्य थुप्रै व्यक्तिहरूलाई तह तहको कैद सजाय दिइयो। यसै क्रममा वि.सं २००४ को नेपाल प्रजा परिषदको सत्याग्रह, श्री ५ त्रिभुवनको गद्दी त्याग जस्ता घटनाहरूका कारण २००७ साल फागुन ७ गते श्री ५ त्रिभुवनको शाही घोषणामार्फत १०४ बर्से जहानियाँ शासनको अन्त्य र प्रजातान्त्रिक शासनको स्थापना भई नेपालमा प्रजातन्त्रका लागि भएको प्रथम चरणको प्रजातान्त्रिक आन्दोलन समाप्त भएको थियो ।

**(ख) २०४६ सालको जनआन्दोलन**

वि.सं. २००७ मा राणा शासनको अन्त्य भयो भने वि.सं. २००८ को जनतान्त्रिक संयुक्त मोर्चाको आन्दोलन, वि.सं. २००८ को रक्षा दलको विद्रोह, वि.स. २०१० को भीमदत्त पन्तको विद्रोह, वि.सं. २०१० को नेपाली कांग्रेसको सत्याग्रह, वि.सं. २०१४ को प्रजातान्त्रिक मोर्चाको भद्र अवज्ञा आन्दोलनका कारण वि.सं. २०१५ मा नेपाली कांग्रेसका नेता सुवर्ण शमशेर राणाको अध्यक्षतामा सर्वदलीय मन्त्रिमण्डल गठन भयो । वि.सं. २०१५ फागुन ७ गते प्रतिनिधि सभाका लागि वालिग मताधिकारको आधारमा १०९ सदस्यीय संसद्को निर्वाचन भयो (देवकोटा, २०३६) । वि.सं. २००७ देखि २०१५ बीचको अवधि संविधान सभाका निर्वाचन वा संसदको निर्वाचन भन्ने विषयमा लामो समय सङ्घर्षमा गुज्रियो । अन्तत : २०१५ सालमा संसदको निर्वाचन सम्पन्न भई बि.पी. कोइरालाको प्रधानमन्त्रित्वमा वि.सं. २०१६ मा प्रथम जननिर्वाचित मन्त्रीमण्डलको गठन भयो (मानन्धर र शर्मा, २०५३) । २०१७ सालको राजा महेन्द्रले गरेको प्रजातन्त्र माथि गरेको हस्तक्षेपले वि.सं. २००७ का उपलब्धिलाई कुण्ठित मात्र गरेन, अपितु यसले राजनीतिक स्वतन्त्र गतिविधिहरूमाथि नियन्त्रण गर्नुका साथै संसदीय व्यवस्थाको अन्त्य र निर्दलीय पञ्चायती व्यवस्थाको आधार खडा गर्ने कार्य गऱ्यो । वि.सं. २०१९ पुस १ गते श्री ५ महेन्द्रबाट पञ्चायती संविधान लागु गरियो र दलीय व्यवस्थाको ठाउँमा निर्दलीय व्यवस्थाको स्थापना हुन गयो । वि.स. २०२८ को झापा विद्रोह, वि.सं. २०२९ को नेपाली कांग्रेसको दोसो सशस्त्र सङ्घर्ष, वि.सं. २०३५/०३६ को विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह, वि.सं. २०४२ को नेपाली काङ्ग्रेसको सत्याग्रह, जनवादी मोर्चाको बमकाण्ड र वि.स. २०४६ सालको जनआन्दोलन नेपाली जनताहरूद्धारा प्रजातन्त्र पुनर्स्थापनाको लागि गरिएको महत्त्वपूर्ण प्रजातान्त्रिक आन्दोलन हुन् (अधिकारी १९९८) । वि.सं. २०४६ सालको जनआन्दोलनले वि.सं. २०१७ मा स्थापित ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य मात्र गरेन, यसले प्रजातन्त्रको पुर्नस्थापना गरी सक्रिय राजतन्त्रात्मक व्यवस्थालाई संवैधानिक राजतन्त्रको स्वरूपमा संकुचित गरिदियो भने राजालाई पनि संविधानभित्र राख्न सफल भयो । २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भई २०४६ सालको जनआन्दोलन उपलब्धिमूलक बन्न पुग्यो । जनआन्दोलनको परिणाम स्वरूप वि.सं २०४७ मा नेपाल अधिराज्यको संविधान-२०४७ जारी भई उक्त संविधानअन्तर्गत वि.सं. २०४८ सालमा बहुदलीय व्यवस्थाअनुसार सम्पन्न संसदीय निर्वाचनले नेपालमा प्रजातान्त्रिक शासन व्यवस्थालाई पुनर्स्थापना गरी संस्थागत गरेको पाइन्छ (प्रधान, २०४७) । प्रजातान्त्रिक आन्दोलनले राजनीतिक स्वतन्त्रता ल्याएकोमा कुनै शंका छैन । राजनीतिक गतिविधिले जनतालाईअधिकारको खोजमा लाग्न अभिप्रेरित गरिरहेकै छ तर शासन प्रणालीमा आएका उतारचढावलाई जनताले सन्तुष्ट बन्ने गरी अंगाल्न भने सकेको देखिन्न ।

**(ग) २०६२/६३ सालको जनआन्दोलन**

वि.सं. २०४७ मा जारी नेपाल अधिराज्यको संविधानले बहुदलीय संसदीय व्यवस्था, हिन्दुअधिराज्य र संवैधानिक राजतन्त्रको व्यवस्था गऱ्यो । वि.स. २०५२ साल फागुनमा २०४७ को संविधान नमान्ने, संसदीय पद्धतिमा विश्वास नगर्ने र संसदलाई बोकाको टाउको देखाई कुकुरको मासु बेच्ने थलोको रूपमा परिभाषित गर्ने शक्ति (नेकपा माओबादी) ले संसदीय व्यवस्थाको विरूद्ध सशस्त्र विद्रोहको घोषणा गऱ्यो (ढकाल,२०६८) । जसलाई नेपालको प्रजातान्त्रिक इतिहासमा माओवादी सशस्त्र द्वन्द्वको रूपमा परिभाषित गरिने गरिएको छ । २०५२ सालबाट सुरू भएको सशस्त्र माओवादी द्वन्द्व वि.सं. २०६२/०६३ को जनआन्दोलन भएर तत्पश्चात् भएका शान्ति सम्झौतामा आएर टुङ्गिएको हो (दाहाल, २०७६)। वि. सं. २०६२-२०६३ मा प्रजातन्त्रको रक्षाको लागि गरिएको (२०६२ चैत्र २२ गते देखि २०६३ वैशाख ११ गतेसम्म ) १९ दिनको जनआन्दोलनद्वारा २३७ वर्ष पुरानो शाहवंशीय राजतन्त्र साथै तत्कालीन राजा ज्ञानेन्द्रको सक्रिय राजतन्त्रको अन्त्य गरी वि.सं २०६३ साल वैशाख ११ गते लोकतन्त्र स्थापना भएको घोषणा गरियो । तसर्थ हरेक वर्ष वैशाख ११ गतेलाई 'लोकतन्त्र दिवस'को रूपमा मनाइन्छ ।

जनआन्दोलनले नेपालको प्राचीन कालदेखि चलिआएको राजतन्त्रात्मक व्यवस्थालाई गणतन्त्रमा, पृथ्वीनारायण शाहबाट भएको एकीकरण र तत्पश्चात् स्थापित केन्द्रीय प्रणालीलाई विस्थापन गरी सङ्घीय ढाँचामा लैजाने काम भयो । यसैको कारणले एकीकृत हिन्दु राजतन्त्रात्मक राज्य, धर्म निरपेक्ष गणतन्त्रात्मक राज्य प्रणालीमा परिवर्तन हुन पुग्यो । २०६२/०६३ को जनआन्दोलन भन्दा अगाडि राजाविरूद्ध छुट्टा-छुट्टै लड्दै आइरहेका माओवादी र संसदवादी राजनीतिक दलहरूबिच भारतको राजधानी दिल्लीमा भारत सरकारका अधिकारीको रोहवरमा आन्दोलनको समझदारी तय भयो र सहमतिअनुसार आन्दोलनरत सात राजनीतिक दल र माओवादीबिच वि.सं. २०६२ मङ्सिर ७ गते १२ बुँदे सहमति भयो (पोखरेल,२०६३) । सो सहमतिअनुसार सात राजनीतिक दलहरू र माओवादीले राजतन्त्रको विरूद्धमा २०६२ साल चैत्र २२ गतेदेखि निर्णायक जनआन्दोलनका कार्यक्रमहरू सञ्चालन गरेर १९ दिनको अथक प्रयास र नेपाली जनताहरूको जीवन आहुतिको परिणामस्वरूप २०६३ साल वैशाख ११ गते नेपालमा लोकतन्त्र स्थापित हुन पुग्यो । २०६३ साल वैशाख ११ गते लोकतन्त्रको स्थापना भई सो उद्देश्यअनुरूप वि.सं. २०६५ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले राजतन्त्रात्मक शासन व्यवस्था खारेज गरी नेपाल गणतान्त्रिक राज्य बन्न पुग्यो । यसरी चन्द्र शमशेरको समयमा सुरू भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न आरोह-अवरोह पार गर्दै आजको अवस्थामा आइपुगेको देखिन्छ । हाम्रो देशमा पनि २००७ सालको परिवर्तनपछि प्रजातन्त्रको अभ्यासको सुरूवात भएको हो । २०१५ सालको निर्वाचित सरकारलाई २०१७ सालमा राजाबाट अपदस्थ, २०१९ सालमा निर्दलीय पञ्चायती

व्यवस्थाको सुरूवात, २०४६ सालमा राजा सहितको प्रजातन्त्र, २०६२/६३ को आन्दोलन र गणतन्त्रको स्थापना तथा नेपालको संविधान २०७२ जारीका साथै संघीय गणतन्त्रामक राज्य व्यवस्थाको स्थापना यी सबै परिवर्तन देश र जनताको हित र समृद्धिका नाममा घटेका घट्नाहरू हुन् । नेपालको शासन प्रणालीको विकासमा चलेका विभिन्न आन्दोलन र त्यसले ल्याएको परिवर्तन गणतन्त्रसम्म आइपुगेको छ । राणा, राजा, प्रजातन्त्र, पञ्चायत हुँदै गणतन्त्रसम्म आइपुग्दा नेपालले भोगेको अवस्था र यसको सवलीकरणको सवाल भने प्रश्नबाट बाहिर जानै सकेको देखिन्न (ढकाल, २०६८) ।

**नेपालमा प्रजातन्त्रको अभ्यास**

२००७ सालमा राजा, काङ्ग्रेस र राणाबीच त्रिपक्षीय दिल्ली सम्झौता मार्फत् १०४ वर्ष पुरानो जहानियाँ राणा शासनको अन्त्य भई नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भयो जसको फलस्वरूप राजाले गुमेको तथा राणाले  खोसेका अधिकार प्राप्त गरे । नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको ढोका खुल्या साथै राजनीतिक दलहरूले आफ्ना गतिविधिहरू खुला रूपमा गर्न पाए । नेपाली जनताहरूले अधिकारहरू प्राप्त गरे, प्रेसले स्वतन्त्रतापूर्वक कार्य गर्न पाए भने नेपाली जनताहरूमा परिवर्तनको आशाका किरणहरू देखा परेका थिए (जर्नल, २०६२) । तर २००७ सालदेखि २०१७ सालसम्म ११ वर्षको प्रजातान्त्रिक शासन व्यवस्थाअन्तर्गत बनेका प्रधानमन्त्रीहरू (मातृकाप्रसाद कोइराला, डा. के.आई. सिंह, तुलसी गिरी, बि.पि.कोइराला) ले संविधान सभाको चुनाव गराउन सकेनन् । शासकहरूले नेपाली जनताहरूको भावनाअनुसार शासन सञ्चालन गर्न सकेको देखिएन भने प्रधानमन्त्री र राजाबिच व्यक्तित्वको टकराब बढ्न गयो । राजनीतिक दलहरूका बीच पनि आन्तरिक द्वन्द्वले उग्र रूप लिएको थियो (थापा,२०६६) । यिनै विषयहरूलाई मध्य नजर गरी महत्वकाङ्क्षी राजा महेन्द्रले वि.सं. २०१७ साल पौष १ गते दलहरूमाथि प्रतिबन्ध लगाउनुका साथै नेपाल अधिराज्यको संविधान-२०१५ लाई खारेज गरी राज्यको शासनसत्ताको बागडोर आफ्नै हातमा लिएर शासन सञ्चालन गरेका थिए ।

वि.सं. २०१७-२०४६ को ३० बर्से पञ्चायती शासन व्यवस्था तथा राजाको सक्रिय शासनको विरूद्धमा साथै प्रजातन्त्रको पुनःस्थापनाको लागि नेपाली काङ्ग्रेस र संयुक्त बाम मोर्चाले स्वर्गीय गणेशमान सिंह श्रेष्ठको नेतृत्वमा २०४६ सालमा जनआन्दोलन भएको थियो । उक्त आन्दोलनमार्फत नेपालमा पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनःस्थापना भएको थियो । जसको फलस्वरूप २०४६ सालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भई त्यही सरकारमार्फत २०४७ सालमा नेपाल अधिराज्यको संविधान-२०४७ घोषणा गरियो र उक्त संविधान अर्न्तगत २०४८ सालमा आम संसदीय निर्वाचन सम्पन्न गरियो (थापा, २०६६) । यस संविधानअन्तर्गत  २०५१ सालमा मध्यावधि र २०५६ सालमा आम संसदीय निर्वाचन पनि सम्पन्न गरियो । यो निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरेको हुनाले नेपाली काङ्ग्रेसले एकमना

सरकार चलाउने अवसर प्राप्त गरेको थियो । २०५१ सालको मध्यावधि निर्वाचनमा नेकपा एमालेले संसद्को सबैभन्दा ठुलो दलको हैसियतले ९ महिना सरकार चलाउने मौका पाएको थियो । विभिन्न राजनितिक दलहरूको संसद्मा स्पष्ट बहुमतको नपुगेकाले/नभएकोले संयुक्त सरकारको निर्माण गरी शासन सञ्चालन गरेका पनि थिए (पोखरेल, २०६३) । वि.सं २०४८ देखि २०५९ सालसम्म राजनीतिक दलहरूभित्रको गुटबन्दी, खिचातानी र सत्ताप्रतिको आशक्तिले गर्दा नेपालको प्रजातान्त्रिक शासन व्यवस्था अस्तव्यस्त, प्रभावहीन र लक्ष्यविहीन भएको साथै शासकवर्ग सत्ता र शक्तिमा मात्र केन्द्रित भएको देखिन्थ्यो । भ्रष्टाचार, कुशासन र राजनीतिक समृद्धिको आकांक्षा पूरा हुन नसक्दा सर्वसाधारणमा देखिएको तीव्र विकास समृद्धिको प्रश्न थप पेचिलो बनेको देखिन्छ । राजनीतिक प्रणालीको सुदृढीकरण र जनताप्रति उत्तरदायी सरकारको कल्पना नागरिकले गरिरहेका छन् । २००७ सालको आन्दोलनले नेपाललाई आधुनिक राजनीतिक युगतर्फ अघि बढाउने ढोका खोलेको थियो । तर बहुप्रतीक्षित प्रजातन्त्र लामो समय टिक्नै सकेन । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रमाथि कू गर्दै निरंकुश पञ्चायती व्यवस्था लागू गरे । जनताको निरन्तर संघर्षपछि २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापित त भयो तर त्यसपछि सत्तासीन दलहरूबीच सत्ताका लागि तीव्र रस्साकस्सी सुरू भयो ( रेग्मी, २०५३) ।

वि.सं. २०६२/०६३ को सात राजनीतिक दल र माओवादीद्वारा गरिएको १९ दिने संयुक्त जनआन्दोलनद्वारा स्थापित लोकतन्त्रले नेपाली जनतामा फेरि नयाँ आशाको किरणको बीजारोपण गऱ्यो । लोकतन्त्रको स्थापनापछि नेपालको राजनीतिक इतिहासमा २००७ सालदेखिको नेपाली जनताहरूको अधुरो इच्छा संविधान सभाको निर्वाचन सम्पन्न गरियो । संविधान सभाद्वारा नेपाललाई गणतन्त्रात्मक सङ्घीय राज्यको रूपमा घोषणा पनि गरियो । तर पनि राजनीतिक दल र तिनका शीर्षस्थ नेताहरूद्वारा संविधान, कानुन, प्रजातन्त्रको मूल्य, मान्यता र आदर्शको घाँटी रेट्ने कार्य बारम्बार हुँदै आइरहेको देखिन्छ (ढकाल, २०६८) । २०६३ सालदेखि २०८२ सालसम्म आइपुग्दा लोकतन्त्र र सङ्घीयताको नाममा नेपाली जनताहरूलाई निरास बनाउने, आर्थिक भार थप्ने, नेपालको अन्तर्राष्ट्रिय छविलाई गिराउने र प्रजातन्त्र/लोकतन्त्र शब्दको अवमूल्यन गराउने कार्य शासक वर्गबाट हुँदै आइरहेको देखिन्छ, जुन प्रजातन्त्र/लोकतन्त्रका हिमायतीहरूका लागि दुःखको कुरा हो । प्रजातन्त्रलाई वाक स्वतन्त्रतासँग मात्रै जोड्ने पंक्ति, राजनीतिक प्रणाली र दलीय प्रवृत्तिको सवलीकरणमा जोड दिनै नचाहने नेतृत्वका कारण पनि प्रजातन्त्रप्रतिको बुझाईमा केहि समस्या देखिन्छ । प्रजातन्त्र भनेकै बोल्न पाउने हो भन्ने भाष्य निर्माण हुँदा यसको आकारले जनहीतको पक्षमा कदम चाल्न चुकेकोमा दुईमत छैन् (थापा, २०६६) ।

नेपालको राजनीतिक व्यवस्थाको परिवर्तनको इतिहासलाई हेर्दा नेपाली जनताहरूद्वारा प्रजातन्त्रका लागि विभिन्न कालखण्डमा गरिएका आन्दोलन र वलिदान मार्फत स्थापित प्रजातन्त्र, पुनःस्थापित प्रजातन्त्र तथा लोकतन्त्रलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । नेपालले चार

दशकभन्दा बढी समय प्रजातन्त्रको अभ्यास गरेको पाइन्छ भने प्रजातान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य, मान्यता, विधि एकातिर र शासन व्यवस्था अर्कोतिर भएको देखिन्छ । जन निर्वाचित जनप्रतिनिधिहरूद्वारा सापेक्ष बहुमतका आधारमा जे मन लाग्यो त्यहीअनुसार शासन सञ्चालन गरिनुलाई नै प्रजातन्त्र भनेर परिभाषित गर्ने कार्य राजनीतिक दल, शीर्षस्थ नेता, नोकरशाही, सञ्चार जगत्ले गर्नु प्रजातन्त्रको मूल मर्म र भावनाको विपरीत रहेको छ (दाहाल, २०७६) । नेपालको संसदीय प्रजातन्त्रमा जनता स्वयंम् सहभागी नभई जनताद्वारा निर्वाचित/चुनिएका जनप्रतिनिधिहरूद्वारा देशको कानुन बनाउने तथा शासन सञ्चालन गर्ने प्रचलन चलिआएको छ । विश्वमा प्रचलनमा रहेको प्रजातान्त्रिक व्यवस्थाहरूमध्ये बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था अपनाएको नेपालमा दलहरूले आफ्ना सांसदहरूमाथि दलीय ह्विपमार्फत नियन्त्रण गर्न सक्ने व्यवस्था र अभ्यासका कारण जनादेशको उल्लङ्घन हुन गई संसदको सर्वोच्चता केवल नारामा मात्र सीमित भएको पाइन्छ जुन प्रजातन्त्रको लागि अभिशापसिद्ध हुन पुगेको छ । किनभने, राजनीतिक दल भनेका प्रजातन्त्रको आधार स्तम्भ हुन् तर नेपालमा त आधार स्तम्भले नै प्रजातन्त्रलाई समाप्त पार्ने कार्य गर्दै आइरहेको देखिन्छ, जुन नेपाल र नेपालीहरूका लागि दुर्भाग्यपूर्ण छ ।

नेपालमा प्रजातन्त्रको मर्म, भावना र उद्देश्यअनुसार शासन सञ्चालन भएको पाइँदैन । राज्य सञ्चालनका हरेक संयन्त्रमा सीमित ठालु वर्गहरूले आफ्नो र विदेशी-शक्ति केन्द्रको स्वार्थ परिपूर्ति गर्नका लागि नेपाली जनताहरूको विश्वास र भावनासँग खेल्दै आइरहेको कारण नेपालमा प्रजातन्त्र केवल नाम वा सिद्धान्तमा मात्र सीमित भएको आभास नेपाली जनताहरूले गरिरहेका छन् (रेग्मी, २०५३) । प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्र जेसुकै नाम दिए तापनि प्रजातन्त्र/लोकतन्त्रको नाममा मनाइने दिवसहरू शासक वर्गको मनोरञ्जन र नेपाली जनताले बेर्होनुपर्ने आर्थिक भारको माध्यमका रूपमा स्थापित हुन पुगेको देखिन्छ । खाली नाम परिवर्तन मात्र भएर के गर्नु, व्यवस्था परिवर्तन भएर के गर्नु, राज्य सञ्चालक उही खराब आचरणका व्यक्ति नै भएपछि । सोच र कार्य शैलीमा खासै परिवर्तन नआउनाले नेपाली जनताहरूको दैनिकी दिन प्रतिदिन अझ कष्टकर बन्दै गइरहेको छ ।

विदेशी शक्तिको स्वार्थका प्रभावमा परी राजनीतिक दलका सीमित शीर्षस्थ नेताहरूका स्वार्थ पूर्तिका लागि ल्याइएका परिवर्तनहरूले नेपाली जनताको जीवनमा खासै बदलाव वा सुधार ल्याउन सकेको पाइँदैन जस्को फलस्वरूप नेपाल र नेपालीको भलो चिताउने देश-विदेशमा रहनु भएका आम नेपालीहरू तथा विश्व समुदायहरूमा प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्रप्रति नै वितृष्णा वा नैराश्यता छाएको पाइन्छ । राजनीतिक दललाई प्रजातन्त्रको प्रमुख आधारस्तम्भका रूपमा लिइन्छ । राजनीतिक दलबिना प्रजातन्त्र पानी बिनाको माछा जस्तै हुन्छ । राजनीतिक दल प्रजातन्त्रको मुटु हो (थापा, २०६६) । तर, नेपालको सन्दर्भमा राजनीतिक दलहरूले आफ्ना राम्रा, जनप्रिय

क्रियाकलापद्वारा प्रजातन्त्रलाई मजबुत बनाउनुको सट्टा नराम्रा गतिविधिहरूद्वारा कमजोर बनाउँदै आइरहेको पाइन्छ । राजनीतिक दलहरूको शक्ति भनेको नै त्यस दलको आदर्श, सिद्धान्त, नीति, उद्देश्य हुन् जुन भाषण र शब्दमा मात्र सीमित हुन पुगेको पाइन्छ भने राजनीतिक दलहरूको शक्तिको केन्द्र पार्टीको कार्यालयबाट प्रमुख नेताको निवासमा रूपान्तरण भएको पनि देखिन्छ ( दाहाल, २०७६) ।

राज्य सञ्चालनको जिम्मेवारी पाएका प्रमुख राजनीतिक दलका नेताहरू व्यक्तिगत स्वार्थ, पारिवारिक स्वार्थ, गुटगत स्वार्थ, पार्टीगत स्वार्थभन्दा माथि उठेर काम गर्न नसक्नु, सधैँ शक्ति र सत्ता प्राप्तका लागि अनैतिक र गैर-कानुनी काम गर्न तत्पर रहनु, जनताद्वारा चुनिएका प्रतिनिधीहरूलाई पार्टीको ह्विपमार्फत आफ्नो विवेक प्रयोग गर्न बन्देज लगाउनु, राजनीतिक दल र त्यसका शीर्षस्थ नेताहरूलाई जे गर्न पनि छुट दिनु, निर्वाचन आयोगको भूमिका प्रभावकारी नहुनु, नो भोटको व्यवस्था नगरिनु, धेरै पटक राज्यका प्रमुख पद तथा संयन्त्रभित्र सापेक्ष बहुमतको आधारमा निर्वाचित हुने वा चयन गरिने परिपाटीले प्रजातन्त्र वा लोकतन्त्रलाई धमिराले खाए जस्तो गरी खाँदै गइरहेको आभाष प्रजातन्त्रका पक्षधर तथा हिमायतीहरूले गरेको पाइन्छ (पोखरेल, २०६३)।

प्रजातन्त्रमा कानुनी राज्य, कानुनको नजरमा सबै समान भनिए तापनि नेपालका राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख, प्रदेशका प्रमुख र मुख्यमन्त्रीहरूले एक पटक मात्र हैन धेरै पटक जानेर तर नजानेको जस्तो तरिकाले बारम्बार संविधानको उल्लङ्घन गरेका घटनाहरू प्रशस्तै पाइन्छन् साथै यस्ता विषयहरूमा संविधानको संरक्षक तथा अन्तिम व्याख्याकर्ता साथै राज्यको तेस्रो अङ्गको रूपमा रहेको सर्वोच्च अदालतले उनीहरूद्वारा गरिएका कार्यहरूलाई असंवैधानिक घोषित गरी खारेज गरिदिए तापनि उनीहरूले गरेको गल्तीका विषयमा सामान्य नसिहत पनि नदिई उन्मुक्ति दिनुले नेपालमा प्रजातन्त्रको मर्म र भावनाअनुसार राज्यका प्रमुख अङ्गहरूले इमान्दारीका साथ आफ्नो कार्य गरेको पाइँदैन । त्यस कारण नेपालमा सञ्चालित शासन व्यवस्थालाई प्रजातन्त्र नभनेर शासकतन्त्र भन्न थालिएको छ (दाहाल, २०७६) । नेपालमा राज्यका सम्पूर्ण संयन्त्रहरू जनताप्रति उत्तरदायी नभएर शासक वर्गप्रति उत्तरदायी भएको र शासक वर्गको इच्छा र आदेशअनुसार सञ्चालन भइरहेको पाइन्छ । यसमा पनि मुख्यतयाः सुरक्षा निकायसँग सम्बन्धित संयन्त्रहरू । कर्मचारीतन्त्र र सुरक्षा निकायलाई शासकप्रति नभएर जनताप्रति उत्तरदायी बनाउन नसकुन्जेलसम्म नेपालीहरूले प्रजातन्त्रको वास्तविक प्रत्याभूति गर्न असम्भव देखिन्छ । नेपालमा प्रजातन्त्रको नाममा लुटतन्त्र र मनपरीतन्त्रले हाली मुहाली गरिरहेको छ । नेपाली जनताहरूलाई सेवा प्रदान गर्ने कर्मचारीतन्त्र जसलाई स्थायी सरकार पनि भनिन्छ उनीहरूले आफ्नो कर्तव्य र दायित्व भुलेर राजनीतिक दलहरूको स्वार्थ पूर्तिका लागि कार्य गर्नु, व्यापारी, उद्योगी र दलालहरूको प्रभाव र प्रलोभनमा परी नेता र व्यापारीहरूबिच बिचौलियाको भूमिका खेल्नु, आर्थिक प्रलोभनमा परी गलत कार्य गर्नु, भ्रष्टाचारलाई प्रश्रय दिनु, अख्तियारको दुरूपयोग गर्नुजस्ता अनैतिक, अवैधानिक र

अमानवीय कार्यहरूले गर्दा प्रजातन्त्रको महसुस आम नेपालीहरूले गर्न सकिरहेका छैनन् (थापा, २०६६)।

प्रजातन्त्रदेखि लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा पनि नेपाली जनताहरूको जीवनस्तरमा गिरावट आउनु, अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि तथा विश्वासनीयतामा कमी आउनु, देशको शासन सञ्चालन विदेशीहरूको इसारा र स्वार्थअनुसार हुनु, दक्ष र युवा जनशक्तिलाई वैदेशिक रोजगारीमा जान बाध्य बनाउने आवस्थालाई बढ्दो क्रममा निरन्तरता दिनुजस्ता गैरजिम्मेवार कार्यहरू देशका प्रमुख शासक वर्ग तथा राजनीतिक दलका नेताहरूद्वारा गरिनुले प्रजातन्त्र वा लोकतन्त्र वा गणतन्त्र जे भने तापनि यी शब्दहरू शाब्दिक भ्mेल र हामी नेपाली जनताहरूले बुझ्न नसकेको खेल हो भनेर भन्दा फरक नपर्ला । प्रजातन्त्रको नाममा सीमित राजनीतिक दल र त्यसका शीर्षस्थ नेताहरूको मिलोमतोमा प्रक्रिया पु¥याएर बहुमतको नाममा सदिऔं वर्षदेखि कायम रहेको हिन्दु राज्यलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्ने काम पनि गरियो जुन दुर्भाग्यपूर्ण मानिन्छ (ढकाल, २०६८) । पूर्ण बहुमतको आधारमा राज्य सञ्चालन गरिनुपर्ने प्रजातन्त्रको मूल मर्मको विपरीत सापेक्ष बहुमतको आधारमा जनप्रतिनिधिहरूले बारम्बार तथा लामो समयसम्म शासन सञ्चालन गर्नु अप्रजातान्त्रिक कार्य हो भने राजनीतिक दल तथा शासक वर्गको यस्तो क्रियाकलापप्रति जनताको विमति स्वरूप निर्वाचनमा जनसहभागिता घट्नु अर्को दुर्भाग्यपूर्ण र सोचनीय विषय पनि हो । वास्तवमा भन्नु पर्दा अल्पमतले बहुमत माथि शासन गरिरहेको प्रजातान्त्रिक शासन व्यवस्था नेपालमा पनि छ भन्दा कुनै अत्युक्ति नहोला । प्रजातन्त्रको छुट्टै नमुनाको रूपमा नेपालमा परमादेशद्वारा सरकार निर्माण भई राज्य सञ्चालन पनि गरिएको पाइन्छ । नेपालमा प्रजातन्त्रले नेपालीहरूको मन मुटु छोएको पाइँदैन, प्रजातन्त्रप्रति उत्साह र महत्त्व घटेर प्रजातन्त्र दिवसको दिन राष्ट्रसेवक कर्मचारीहरूलाई उपस्थितिको लागि उर्दी जारी गर्न थालेको पनि पाइन्छ । प्रमुख प्रतिपक्षी भएर पनि सत्तामा साझेदारीको लागि सरकारलाई समर्थन गर्ने साथै प्रतिपक्षको सुविधा माग गर्ने तर राज्यका प्रमुख निकायहरूमा भागबन्डा खोज्नेजस्ता च्याखे थाप्ने प्रजातन्त्रका नाममा अप्रजातान्त्रिक कार्य गर्ने अभ्यास नेपालमा छ । एकातिर मिलेर चुनाव लड्ने र अर्कोतिर मिलेर सरकार बनाउने गलत राजनीतिक संस्कार पनि राजनीतिक दलहरूले यही प्रजातान्त्रिक व्यवस्थामा देखाएका छन् (थापा, २०६६) ।

संसदमा दोस्रो, तेस्रो, चोथो, पाँचौं स्थान प्राप्त पार्टीले गठबन्धनको नाममा सरकारको नेतृत्व गर्ने, सरकारले लिने विश्वासको मतसम्बन्धी मतदानमा विपक्षी पार्टीका सांसद्हरूले फ्लोर क्रस गरेर विश्वासको मतको पक्षमा मतदान गर्ने, सरकार परिवर्तन हुनासाथ नेपाल सरकारका प्रतिनिधि तथा विश्वास पात्रका रूपमा विदेशमा कार्यरत राजदूतहरूलाई तुरून्त फिर्ता बोलाउने, बहालवाला प्रधानमन्त्री तथा मन्त्रीहरू विदेशी राजदूतहरूलाई भेट्न राजदूतावास जाने, बहालवाला महान्यायधिवक्ता र प्रहरी महानिरीक्षक जस्ता व्यक्तिहरूले तथ्य र वास्तविकतालाई नबुझी

बहालवाला गृहमन्त्रीको पक्षमा साक्षीको रूपमा विज्ञप्ति जारी गर्ने तथा बयान दिनेजस्ता कार्यहरू गरिनु, शक्ति तथा सत्तामा पुग्नका लागि जुनसुकै बेला पनि बहाना बनाएर पार्टी विभाजन गर्ने, एउटै प्रदेशमा एकै समयमा दुईजना मुख्य मन्त्रीहरू कायम रहने जस्ता अप्रजातान्त्रिक, जनभावनाको विपरीत, नैतिकताहीन गतिविधिहरूले गर्दा प्रजातान्त्रिक शासन व्यवस्था भनेको सबै भन्दा खत्म तथा काम नलाग्ने व्यवस्था पो रहेछ भनेर बुझ्ने नेपालीहरूको संख्या दिनप्रतिदिन बढ्दै गईरहेको पाइन्छ । तसर्थ यसको विकल्प जतिसक्दो चाँडा खोज्नु हामी सबै नेपालीहरूको कर्तब्य र आवश्यकता हो भन्ने आभास सबै नेपालीहरूले गरिरहेका छन् ।

दाहाल (२०७६) का अनुसार राष्ट्रपति, प्रधानमन्त्रीवाट सत्ता प्राप्त गरी शक्तिमा पुग्न तथा सत्तालाई निरन्तरता दिनका लागि प्रजातान्त्रिक व्यवस्था र संविधानको भावनाको मर्म विपरित बारम्वार कार्य गर्नु, संघका सभामुख र प्रदेशका प्रदेश प्रमुख तथा सभामुखले पनि आफ्नो पदीय जिम्मेवारी ईमान्दारिताका साथ निर्वाह नगरी राजनीतिक दलको ईशारामा गलत कार्य बारम्वार गर्नु, संविधान र व्यवस्थाको रक्षकको रूपमा रहेको न्याय पालिकाका न्यायमुर्तीहरूद्धारा एउटै प्रकृतिको राष्ट्रिय मुद्वामा फरक फरक निर्णय गर्नु, संसद जनताको प्रतिनिधित्व गर्ने थलो नभएर गणितिय आधारमा सरकार निर्माण गर्ने थलो बन्नु र उच्च पदीय जिम्मेवारीमा बसेका व्यक्तीहरूद्धारा खुलेआम पदको दुरूपयोग गर्नु, राष्ट्रिय ढिकुटीको दोहन गर्ने कार्यले निरन्तरता पाउनु, न्याय मुर्तीहरूमा राजनीतिक दलहरूको प्रभाव अप्रत्यक्ष रूपमा पर्नु, वहालवाला गृहमन्त्रीको ईच्छा र आदेश अनुसार गृहमन्त्रीको व्यक्तीगत सुरक्षा दस्ता जस्तोको रूपमा नेपाल प्रहरी संचालित हुनु, संचार माध्यमहरूले नेपालको संविधानले दिएको प्रेस स्वतन्त्रता सम्वन्धि अधिकारलाई गलत तरिकाले प्रयोग गर्नु, संचार जगतका केहि व्यक्ति वा संचारकर्मीहरूले आफ्ना माध्यमहरूलाई आफ्नो व्यक्तीगत स्वार्थ पुर्ति गर्ने थलोको रूपमा मात्र स्थापित गर्नु, संचार क्षेत्र राजनीतिक दलको प्रभाववाट स्वतन्त्र वन्न नसक्नु, संचार क्षेत्रमा नैतिक मूल्य-मान्यतामा ह्रास आउनु जस्ता घटनाहरूले नेपाली जनताहरूको प्रजातन्त्र प्रतिको आस्था र विश्वासमा व्यापक गिरावट आउनुका साथै नैराश्यता छाएको पाईन्छ । तसर्थ सम्वन्धित पक्षहरूले यि समस्याहरूको निराकरणका लागि उचित कदम यथासक्दो चाँडो नचालेको खण्डमा साथै नेपाली जनताहरूको आवश्यकता र भावनाको कदर नगरेको खण्डमा यो व्यवस्थाको आयु खासै लामो रहन्छ  जस्तो देखिदैन। सत्ता र शक्तिमा रहदा साथै सहकार्य गर्दा सहि, योग्य र असल देख्ने तर सत्ता र शक्ति भन्दा बाहिर गएपछि वा सहकार्य नगर्दा गलत,अयोग्य र खराब देख्ने प्रवृती साथै व्यक्तिगत चरित्र हत्या, राजनैतिक अस्तित्वको समाप्ती र निषेधको राजनिति जस्ता गलत कियाकलापहरू नेपालमा शासक वर्गहरूबाट भईरहेका प्रशस्त उदाहरणहरू भेटिन्छन जुन प्रजातन्त्रको लागि अभिसाप बनेका छन् ( ढकाल, २०६८) ।

विश्वमा संचालनमा रहेका हरेक शासन व्यवस्थाका आ-आफ्नै गुण अवगुणहरू रहेका हुन्छन । विश्वको सर्वोकृष्ट शासन व्यवस्थामा परिचित प्रजातन्त्रका धेरै गुणहरू भएता पनि केहि अवगुणहरू पनि छन । यो शासन व्यवस्थामा जनताहरू विभिन्न राजनीतिक दलहरूमा विभाजित रूपमा संलग्न भएका हुनाले यस व्यवस्थामा एकताको अभाव रहन्छ । यो व्यवस्थामा जनमतको महत्वपूर्ण भुमिका तथा कदर हुनाले मताधिकारको दुरूपयोग हुने प्रवल सम्भावना रहन्छ । यो व्यवस्थामा कुनै पनि कुराको निर्णय गर्दा प्रकृया पुरा गर्नुपर्ने हुनाले साथै निर्णय प्रकृयामा समय लाग्ने हुनाले ढिलाई हुन्छ । यो व्यवस्थामा गुणात्मकलाई भन्दा संख्यात्मकलाई मात्र जोड दिइन्छ । यो शासन व्यवस्था महङ्गो भएको हुनाले गरीब देशहरूको लागि अनुपयुक्त मानिन्छ ,यो व्यवस्थामा गफ धेरै र काम कम भएको प्रशस्त उदाहरण भेटिन्छन् (रेग्मी, २०५३) ।

प्रजातन्त्रका केहि अवगुणहरू देखिएता पनि विश्वमा संचालनमा रहेका शासन व्यवस्था मध्ये अधिकांश मुलकहरूले अवलम्वन गरेको संसारको सर्वोउत्कृष्ट शासन व्यवस्था प्रजातन्त्रको विकल्पको रूपमा हालसम्म कुनै पनि व्यवस्था नदेखिएको वा स्थापित नभएको अवस्थामा प्रजातन्त्रको विकल्प केवल प्रजातन्त्र नै हुन सक्छ तर सुशासन, जवाफदेहिता र पारदर्शिता सहितको प्रजातन्त्र।

**निष्कर्ष:**

नेपालको प्रजातान्त्रिक आन्दोलनले लामो आरोह-अवरोह पार गर्दै आजको लोकतान्त्रिक गणतन्त्रात्मक संधीय शासन व्यवस्थामा आई पुगेको छ । राणा शासनको अन्त्य तथा प्रजातन्त्रको स्थापनाको लागि चन्द्र शमशेरको समयदेखि सुरू भएको नेपालको प्रजातान्त्रिक आन्दोलन विभिन्न चरण पार गर्दै आज गणतन्त्रात्मक शासन व्यवस्था अगिंकार गरेको अवस्थामा आईपुगेको छ । वि. सं. २००७ साल फागुन ७ गतेका दिन १०४ वर्षको जहाँनिया राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको स्थापना भएको हो तसर्थ हरेक वर्षको फागुन ७ गतेलाई राष्ट्रिय प्रजातन्त्र दिवसको रूपमा मनाउदै आइरहेको पाइन्छ । वि. सं. २०१५ सालमा सम्पन्न आम संसदीय निर्वाचनद्वारा अत्यधिक बहुमतका साथ नेपाली काँग्रेसका नेता वि. पि. कोइराला नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री भएका थिए भने यो निर्वाचन नै नेपालको राजनीतिक इतिहासमा वास्तवमा प्रजातन्त्रको पहिलो अभ्यास थियो ।

वि. सं. २००७ सालमा ल्याईएको प्रजातन्त्र वि. सं. २०१७ साल पुष १ गतेको दिन तत्कालीन राजा स्व. महेन्द्रद्वारा दलहरूमाथी प्रतिवन्ध लगाई प्रजातान्त्रीक शासन व्यवस्थामाथी पूर्ण विराम लगाइएको इतिहास सर्वविविद नै छ । वि. सं. २०४६ सालमा भएको जनआन्दोलनद्वारा ३० वर्षे निर्दलीय पंचायती शासन व्यवस्थाको अन्त्य गरियो भने नेपाल अधिराज्यको संविधान-२०४७ द्वारा नेपालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गरियो साथै यसै संविधानद्वारा नेपालको इतिहासमा पहिलोचोटी राजालाई संविधानभित्र राखी सबैधानिक राजतन्त्र पनि कायम गरिएको थियो

। वि.सं. २०४६ को जनआन्दोलन पश्चात तत्कालिन आन्दोलनरत दलहरू: नेपाली कांग्रेस र बाम मोर्चाले संसदीय पद्धतिको विकल्प नरहेको र वि.स. २०४७ को संविधानलाई संसारकै उत्कृष्ट संविधान घोषणा गरी तत पश्चात् कुनै प्रकारको प्रजातान्त्रिक आन्दोलनको औचित्य नरहेको तर्क पनि गरेका थिए । प्रमुख राजनीतिक दलका शिर्षस्र्थ नेताहरूबाट यस्ता अभिव्यक्तिहरू दोहोरी रहनुलाईउनीहरूको बुझाइ र दूरदर्शितामा कमी रहेको आभाष हुन्छ जस्ले प्रजातन्त्रलाई कमजोर बनाउदै आईरहेको पाइन्छ ।

२०६५ साल जेठ १५ गतेका दिन संविधान सभाद्वारा नेपाललाई गणतन्त्रात्मक मुलुक घोषणा गरी राजतन्त्रलाई सदाको लागि विदा गरिएको हो तसर्थ हरेक वर्षको जेठ १५ गतेलाई गणतन्त्र दिवसको रूपमा मनाउदै आईरहेका छौं । प्रजातन्त्र प्राप्तीका लागि नेपाली जनताहरूले वि. सं. १९९७, २००७, २०१७, २०३६, २०४६ र २०६२-०६३ सालमा विद्रोह,आन्दोलन तथा जनआन्दोलन गर्दे आईरहेको साथै उनीहरूको वलिदानद्वारा नेपालमा प्रजातन्त्रको स्थापना, पुर्नस्थापना तथा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित हुन सफल भएको इतिहास जिवितै छ ।प्रजातन्त्रको प्राप्ती पछी राज्यका प्रमुख संयन्त्रहरूले आफ्नो जिम्मेवारी तथा दायित्व ईमान्दारीताकासाथ निभाउन नसक्दा, राज्यको प्रमुख संयन्त्रहरूमा पदासिन प्रमुख व्यक्तिहरूद्धारा त्यस पदमा पुगेर त्यो पदको उपयोग आफ्नो व्यक्तिगत, परीवारिक र पाटीगत फाईदाका लागि मात्र गरिनु, राष्ट्रिय ढिकुटीको दोहन गरि व्यक्तिगत जिवन सम्पन्न र सुदृढ गर्ने परिपाटी बढ्दो क्रममा हुनु, राम्रो भन्दा पनि हाम्रो भन्ने चलनले प्राथमिकता पाउनु, सहि ठाँउमा सहि मान्छेलाई जिम्मेवारी नदिनु जस्ता कार्यहरूले प्रजातान्त्रिक शासन व्यवस्थाको उपहास गरेको देखिन्छ । प्रजातान्त्रिक आन्दोलन गतिशील तथा निरन्तर चलिरहने आन्दोलन भएकाले अभ्यासको क्रममा त्यसमा दखिने विकृतिले आन्दोलनलाई प्रेरित गरिरहेको हुन्छ । तसर्थ नेपालका शासक वर्ग र तिनको नेतृत्वकर्ताको गतिविधीहरूले नेपालको भावी प्रजातान्त्रिक आन्दोलनको स्वरूपको औचित्यता निर्धारण गर्ने छन् भन्दा कुनै अयुक्ति नहोला । शासक वर्ग, राजनीतिक दलहरू तथा कर्मचारीतन्त्रले आफ्नो सोच र कार्य शैलीमा परिवर्तन ल्याएर अलिकती भए पनि प्रजातन्त्रको आभाष नेपाली जनताहरूलाई दिन नसकेको खण्डमा यो व्यवस्था र यसका प्रमुख संचालकहरूको विकल्प खोज्न नेपाली जनताहरू बाध्य र आतुर हुनेछन् । २००७ सालपछि २०८२ सालसम्म ७५ वर्षको अवधिमा मुलुकमा ५० भन्दा बढी शासकहरू फेरिए । शासक मात्र फेरिएनन्, कयौंपटक शासन प्रणालीसमेत फेरिए । अस्थिर राजनीतिलाई स्थिरतातर्फ लैजाने र स्थायित्व कायम गर्ने प्रतिबद्धतासहित नेपालका शासकहरूले २००४ सालपछि ६९ वर्षको अवधिमा सातवटा संविधानहरू फेरेका छन् । तर मुलुकमा अझै स्थायित्व र शासकहरूले आश्वासन दिएजस्तो स्थायित्व, विकास र समृद्धि भने नारामै सीमित छ । प्रजातन्त्रका आधार स्तम्भहरू बलिया भएमा, प्रजातन्त्रका मर्म र भावना अनुसार शासन संचालन गरिएमा र जनता र शासक बिचमा विश्वासको वातावरण भएमा मात्र वास्तविक प्रजातन्त्रको

आभाष गर्न सकिन्छ तसर्थ परिवर्तनका लागि परिवर्तन आवश्यक हुनाले प्रजातन्त्रको बारेमा आधारभूत ज्ञान नभएका तथा ज्ञान लिन नचाहने तर प्रजातान्त्रिक हुँ भनेर प्रजातन्त्रको बदनाम गराउने राज्य संयन्त्रको जिम्मेवारीमा बसेका तमाम असक्षम, बदनाम र बेइमान व्यक्तिहरूलाई पदच्यूत गरी उनीहरू माथि कानुन बमोजिम अनुसन्धान र कारबाही प्रजातन्त्रको रक्षा र नेपाली जनताहरूको भविष्य सुरक्षित गर्नका लागि उत्तम विकल्प देखिन्छ ।

## सन्दर्भ ग्रन्थसूची


Andion, C. (2025). In Search of a Positive, Historical and Experimentalists Definition of Civil Society. In A. Bassi, M.A. Alves and C. Cordery (Eds). The Future of third Sector Research: From Theory to Definitions, Classifications and Aggregation Towards New Research Paths. Springer. Gewerbestresse.

Dahal, G. (2017). Democratic Practices and Good Govermance in Nepal. Journal of Political Science. Vol. 17(18). DOI: 10.326/JPS.v17io.20511

Hachethu, K. (2025). Democracy and Political Parties: A Brief Survey around the World and in Nepal. Journal of Political Science. Vol. 25. PP. 238-245.

अधिकारी, सूर्यमणि (१९९८),*नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,* नयाँ दिल्ली: निराला पब्लिकेशन ।

दाहाल, रामप्रसाद (२०७६), नेपालमा प्रजातन्त्रको अभ्यास, काठमाडौँ: हिरा बुक्स प्रकाशन ।

देवकोटा, गृमबहादुर (२०३६), *नेपालको राजनीतिक दर्पण भाग १ र २,* काठमाडौ: गृमबहादुर देवकोटा।

प्रधान, भुवनलाल (२०४७), *नेपालको जनक्रान्ति २००७,* काठमाडौ: रूम प्रकाशन ।

मानन्धर, त्रिरत्न र शर्मा, निरन्जन (२०५३), *आधुनिक नेपालको राजनीतिक इतिहास* (वि.स. २००७-२०१९) काठमाडौ: सिनास ।

मानन्धर, त्रिरत्न (२०४८), *नेपालको इतिहासमा जंगबहादर,* काठमाडौ: अदिती प्रकाशन ।

थापा, मोहन शम्सेर (२०६६), *नेपालको शासन, प्रशासन र राजनीति,* काठमाडौं : क्षितिज प्रकाशन ।

पोखरेल, कृष्ण (२०६३), *नेपालको शासन र प्रशासन,* काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रीब्यूटर्स।

रेग्मी, शिरीषचन्द्र (२०५३), *राजनीतिशास्त्रको परिचय,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

**अप्रकाशित कृति**

ढकाल, रामकृष्ण (२०६८), नेपालमा प्रजातन्त्र: एक परिचय, स्नातकोत्तर शोधपत्र, राजनीतिशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

**जर्नल**

राजनीतिशास्त्रको जर्नल (२०६२), राजनीतिशास्त्र केन्द्रीय विभाग, किर्तिपुर, काठमाडौं ।